आज मिति २०८१/११/२९ गते बिहान ८:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख

CamScanner

**प्रस्तावहरु :**

१. भैरवस्थान सवारी साधन पार्किङ्ग स्थल  व्यवस्थापन सम्बेन्धमा,

२. स्थानीय तह सहयोग कार्यक्रम सम्बन्धमा,

३. विविध।

**निर्णयहरुः-**

| सि.नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन | भैरवनाथ मन्दिर आउने भक्तजनहरुको सवारी साधन पार्किङ गर्ने प्रयोजनको लागि गाउँपालिकाले भाडामा लिएको जग्गालाई सवारी साधन पार्किङ व्यवस्थापन गर्न भाडामा  दिने सम्बन्धमा देहाय अनुसार गर्ने।<br>(क) पार्किङ स्थल प्रवेशद्वारमा रहेको ढिकलाई  कटिङ गरि सम्माउने,<br>(ख) पार्किङ स्थलमा रहेको २ बटा पहिरोबाट थुप्रिन गएको माटो हटाउने,<br>(ग) पार्किङ स्थलमा अस्थायी सौचालय र पानीको व्यवस्था गर्ने,<br>(घ) राजस्व परामर्श समितिले सिफारिस गरे अनुसारको न्युनतम ठेक्का रकम रु. २ लाखमा नघट्ने गरी ठेक्कामा लगाउन सुचना प्रकाशन गर्ने,<br>(ङ)गाउँपालिकाले उक्त जागा १५ बर्षको लागि भाडामा लिएकोले १५ बर्षको लागि नै भाडामा लगाउने। | |
| २. | योजना | संघिय मामिला तथा सामान्य प्रशासन मंन्त्रालयको मिति २०८१/११/१५ सूचना अनुसार स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संचालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्रको बारेमा बैठकमा जानकारी भयो। यस सम्बन्धमा उक्त कार्यक्रम यस रिब्दीकोट गाउपालिकामा संचालन गर्न सम्बन्धित निकायसंग समन्वय र सहकार्य गर्ने र यस कार्यको लागि आशय पत्र पेश गर्ने साथै इच्छा र प्रतिवद्धताको लागि देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो।<br>देहाय<br>क. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संचालन गर्न यस गाउपालिकाको तर्फवाट सहभागितामूलक निर्णय प्रक्रिया अबलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने।<br>ख. स्थानीय पूर्वाधार विकाशका लागि नवीनतम र सुधारिएका तरिका साधन र विधि अवलम्वन गर्ने।<br>ग. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने।<br>घ. वार्षिक कार्यक्रम तथा बजेटमा स्थानीय पूर्वाधार तर्फको  सहलगानीलाई ग्रामिण सडक सुधार ४०%, खानेपानी तथा सरसफाई तर्फ ४०% र बैकल्पिक उर्जा तर्फ २०% बजेट विनियोजन गरिने।<br>ङ. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार परिमार्जान तथा अनुमोदन गरिने। | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३. | विविध | (क) प्रदेश गौरवको योजनाको रुपमा रहेको रामपुर कपुरकोट मोटर बाटो अन्तर्गत हार्थोक छहरा सडक खण्ड कालो पत्रे गर्न रु.४ करोड रकम विनियोजन भएकोमा हाल सम्म पनि ठेक्का नभएकोले सो कार्य गराउन प्रदेश मुख्यमन्त्रीको कार्यालयमा कार्यपालिकाको टिम डेलिगेसनमा जाने,<br>(ख) श्री भवानी अलुम्नाई एशोसिएसन, नेपाललाई रु.५ हजार आर्थिक सहयोग उपलब्ध गराउने ,<br>(ग) समाजबादी कम्युनिष्ट पार्टीलाई लाई रु.५ हजार आर्थिक सहयोग उपलब्ध गराउने,<br>(घ) नेपाल महिला उद्यमी संघ, पाल्पालाई रु.५ हजार आर्थिक सहयोग उपलब्ध गराउने ,<br>(ङ) गाउँपालिका राष्ट्रिय महासंघको सदस्यता नवीकरण शुल्क रु. तीस हजार उपलब्ध गराउने,<br>(च) बार्षिक परीक्षा संचालन गर्ने सम्बन्धमा पालिकास्तरीय परीक्षा समितिबाट भएको निर्णय जानकारी भयो ।<br>(छ) २०८२ सालको शैक्षिक क्यालेन्डरमा राख्ने विवरण उपलब्ध गराउने । | |

CamScanner